



## ◆ फोहोर बिभाजन नगर्ने र जथाभाबी फाल्नेलाइ आर्थिक सजाय पनि हुन सक्छ ◆

आवासीय र व्यबसाइक दुबैको लागि शहरको नियम अनुसार फोहोर बिभाजन गर्न र फाल्न अनुरोध गरिन्छ
मे 1, 2008 अनुसार आवासीय र व्यबसाइक दुवै जसले नियम पालना गर्दैन प्रशाशनको नियम अनुसार 2000 येन जरिवाना गरिन्छ यो निम्नानुसार चरणहरूद्वारा सञ्चालन भइरहेको छ।

1. बर्गिकरण गर्न नजानेको लाई सिकाउने ▶
2. नियम पालना नगर्ने लाई चेतावनी दिने ▶
3. चेतावनी पालना नगर्ने लाई निर्देशन गर्नु ▶
4. प्रशाशनको जरिवाना (2000 येन) गरिन्छ जसले वर्षभरि नै नियम अनुसार फोहोर बिभाजन नगर्ने र जथाभाबी फाल्नेलाइ सजाय पनि हुन सक्छ

*यदि व्यवसायहरूलाई दिइएको चेतावनी पालना नगरेको खण्डमा, तिनीहरूका नामहरू र अन्य जानकारी प्रकाशन गरिनेछ।

◆ कर्मचारीले फोहोर छुट्याय नछुट्यायको परिक्षणको लागि फोहोरको झोला खोल्न सक्छन

◆ जुन व्यक्तिले जानी जानी फोहोर बिभाजन गर्दैनन त्यो बिषय बन्न सक्छ तर अन्जानमा र गल्तिले गरेको बिषय बन्दैन

● सोधपुछ स्रोत र खेर गएका सामग्री संकलन संचालन बिभाग टेलिफोन: 045-671-3819

## पुन प्रयोग सामग्री संकलन ठाउमा ल्याउनु पूर्व त्यहा संकलन गर्ने तरिकाहरु छन् जुन तपाइलाई उपयोगी हुन सक्छ

### स्थानीय समूहले संचालन गर्ने पुन प्रयोग स्रोत कार्यक्रमलाइ प्राथमिकता दिनुहोस

शहरी सस्था आवासीय संघ बाल समुह, जेस्ठ नागरिक संघ महिला संघ र PTA कार्य भोलेन्टियर र प्रत्येक परिवारको सहयोगमा कागज , कपडा , धातु , बोतल, संकलन कार्यलाई केहि दिन निरन्तरता र साथ दिनुहोस

### ● बित्तिय प्रोत्साहन प्रणाली ●

पुन प्रयोग गर्ने समुह जुन योकोहामा मा दर्ता भयका छन् । तिनीहरुले संकलन गरेको परिणाम, 3 येन प्रति किलो अनुसार बित्तिय सहयोग पाउनेछन् (2018)

### तपाइको शहरमा पुन प्रयोग सामग्री संकलन बाकस

घरबाट निस्किएको कागज, प्रयोग गरेको कपडा संकलन गर्ने बाकस
घरबाट निस्किएको कागज, प्रयोग गरेको कपडा संकलन गर्ने बाकस केहि नगरपालिका कार्यालय, खेलकुद केन्द्रमा उपलब्ध हुन्छ जुन सबैको प्रयोग लागि हुन्छ बिस्तृत जानकारीको पुन प्रयोग ब्युरोको वेबसाइट हेर्नुहोस



### संसाधन पुनःप्राप्ति साइटहरू

प्रत्येक वार्डको संसाधन र खेर गएको सामग्री संकलन कार्यालय (नागासाकादानि यार्डको मिदोरी-कु) मा, एक संसाधन पुनःप्राप्ति साइट छ।
तपाइले प्रयोग गरिएको कागज र प्लास्टिक कन्टेनर। प्याकेजिङमा ल्याउन सक्नुहुन्छ। बिस्तृत जानकारीको लागि, कृपया आफ्नो स्थानीय संसाधन र खेर गएको सामग्री संकलन कार्यालय र खेर गएको सामग्री पुन नबिकरनिय ब्यूरोसँग सम्पर्क गर्नुहोस्।

## ठुलो आकारको फोहोरहरु संकलन आबेदन (सोम - शनि/ 8:30-17:00)

### ठुलो आकारको फोहोर संकलन केन्द्र

सामान्य प्रयोगकर्ताको लागि टेलीफोन, आदि।
☎0570—200—530
(शहरको लागी)


जो फ्लैट दर प्रणाली जस्तै मोबाइल फोन र आईपी फोन र निशुल्क कल डिस्काउंट सेवा प्रयोग गर्दछ
045—330—3953
(शहरको लागी)


सोमबार, मंगलबार बिहान र छुट्टी पछि अर्को दिन फोन सार्है ब्यस्त हुने भएकाले कृपया फोन गर्ने समय मिलाउनु होस् वा इन्टरनेट रिसेप्शन प्रयोग गर्नुहोस्। यसको अतिरिक्त, सेवाको गुणस्तर सुधार गर्न, कलको सामग्री रेकर्ड गरिएको छ।

यदि तपाई जापानिज बोल्न सक्नुहुन्न भने फोन गर्न भन्दा पहिले जापानिज बोल्ने व्यक्ति खोजेर फोन गर्नु होला ।

| वार्ड | संकलन कार्यालय (सोम -शनि 8:00-16:45) टेलीफोन | फ्याक्स |
|---|---|---|
| चुरुमी | 502-5383 | 502-5482 |
| खानागावा | 441-0871 | 441-5938 |
| निशी | 241-9773 | 251-1791 |
| नाका | 621-6952 | 625-2932 |
| मिनामी | 741-3077 | 741-6492 |
| कोनान | 832-0135 | 832-5204 |
| होदोगाया | 742-3715 | 742-4931 |
| आशाही | 953-4811 | 953-6669 |
| इसोगो | 761-5331 | 754-6109 |
| खानाजावा | 781-3375 | 788-0269 |
| कोहोकु | 541-1220 | 541-1224 |
| मिदोरी | 983-7611 | 982-7973 |
| आओबा | 975-0025 | 975-0028 |
| चुजुकी | 941-7914 | 941-8409 |
| तोचुका | 824-2580 | 824-2820 |
| साकाए | 891-9200 | 893-7641 |
| इजुमी | 803-5191 | 803-7951 |
| सेया | 364-0561 | 391-4784 |

### 【बर्गिकरण गरेको स्रोतको प्रतिशत(बर्गिकरण दर)2016】




40% जति प्लास्टिक सामाग्रीहरु नछुट्टाइ जल्ने गरेको छ ।
यदि छुट्टायमा पुन प्रयोग र पुन नया समानको लागि प्रयोग गर्न सकिन्छ तर जलाउने गर्नाले हरितगृह ग्यास उत्पन्न हुन्छ ।

संसाधन र खेर गएको सामग्री संकलन संचालन विभाग, योकोहामा शहर संसाधन र खेर गएको सामग्री रिसाइकिलिंग ब्यूरो
1-1 मिनातो-चो, नाका-कु योकोहामा-शि 231-0017 टेलिफोन: 045-671-3819

リサイクル適性Ⓐ この印刷物は、印刷用の紙へリサイクルできます。

तपाइको सन्दर्भ गाईड

सेप्टेम्बर 2018 संस्करण

# फोहोर र रिसाइकल योग्य सामग्रीको बर्गिकरण र फाल्ने तरिका

G30のその先へ ヨコハマ3R夢(スリム)!



「ヨコハマ3R夢(スリム)!」マスコット イーオ "Io"

प्रत्येकले 3R अपनाउ

- **कम गर्नुहोस** — फोहोरलाई कम गर्नुहोस् ।
- **पुन प्रयोग गर्नुहोस** — धेरै पटक प्रयोग गर्नुहोस
- **रिसाइकल** — अलग र संसाधनको रूपमा पुन: प्रयोग गर्नुहोस



へら星人 ミーオ "Mio"

## बर्गिकरण गर्ने पोइन्ट

फोहोर बर्गिकरण गर्नुहोस रिसाइकल गर्न मिल्ने कागज र प्लास्टिक सामग्रीहरु जलाउने फोहोर बाट हटाउनुहोस।

जल्ने फोहोर प्रयोग गरेका कागज र プラ प्लास्टिक कन्टेनर/प्याकेजिंग समूह सम्झनुहोस





### जलाउन योग्य फोहोर बाकस




### प्रयोग गरेको कागजको बाकस

पत्रिका बाहेकको कागज म्याकजिन, कार्डबोर्ड, पिउने सामग्रीका कागज कार्टुन, र्यापिंग कागजहरु आदि ।




कृपया पत्रिका , म्याकजिन, कार्डबोर्ड, पिउने सामग्रीका कागज कार्टुनहरुको छुट्टा छुट्टै बन्डल बनाउनुहोस् ।



### प्लास्टिक कन्टेनर/ प्याकेजिंग बाकस

कृपया हलुका सफा गर्नुहोस




स्रोतहरू र खेर गएको सामग्री रिसाइकिलिंग ब्यूरो
http://www.city.yokohama.lg.jp/shigen/

*संकलन दिनको तालिका अनुसार बिहान 8:00बजे सम्ममा सम्बन्धित ठाउमा जम्मा गर्नुहोस !

*सम्बन्धित ठाउँ साइट र संकलन दिन(हरु)को चेक गर्नुहोस र आफ्नो सजिलोको लागि फोहोरको बर्गिकरण तथा फ्याक्ने दिनहरुको कतै देखीने ठाउँमा लेखेर राख्नुहोस।

# रिसाइकल योग्य सामग्री र फोहोरको बर्गिकरण र नस्ट गर्ने

| फोहोरको किसिम र नस्ट (फ्याक्ने) तरिका | संकलन गर्ने दिनहरु | विवरण |
|---|---|---|

## जलाउन योग्य फोहोर

कृपया फोहोर फ्याक्नको लागि अर्ध पारदर्शी झोलाहरु, कन्टेनरको प्रयोग गर्नुहोस ।

भान्सा स्क्रैपहरू
बढी भएको पानी

प्लास्टिक आइटम जस्तै भिडियो टेपहरू, सी.डीहरू, खेलौनाहरू, वाशबेसिनहरू, डिस्पोजेबल लाइटर,आदि।

साना घरेलू उपकरण (टेलीफोन, राइस कुकर, आदि ।)
*मुख्य रुपमा प्लास्टिक बाट बनेको र 50 से.मी भन्दा कम ।




राइस कुकरको भित्रि भाँडो सानो धातुको सामान मा पर्दछ (30 से.मि भन्दा कम भएमा )

रिसाईकल गर्न नमिल्ने पेपर

माटो मिसिएको कागज

दही र आइसक्रीमको कागज कन्टेनर (खोल )

पेपर कार्टुन जुन भित्रि बाट अल्मुनियम प्रयोग गरिएको हुन्छ ।




## जलाउन नमिल्ने फोहोर

कृपया ओर्जिनल बाकसमा राख्नुहोस वा पत्रिकामा बेर्नुहोस र त्यस माथि नस्ट गर्ने तरिका लेबल गर्नुहोस ।

◆मूल बक्समा राख्नुहोस् वा पत्रिकाले बेर्नुहोस र वस्तुलाई संकेत गर्नुहोस्




ग्लास वस्तुहरू

सिरेमिक्स

फ्लोरोसेंट रोशनीहरू, लाइट बल्बहरू

कस्मेटिक प्रयोग र औषधिको लागि बोतलहरू (तरल दबाइको बोतलहरू बाहेक)



प्लास्टिक क्यापहरू प्लास्टिक कंटेनर / प्याकेजिङ्ग मा समाबेश हुन्छन ।

## स्प्रे क्यानहरु


क्यानलाइ पूर्ण रुपमा खाली गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस । स्प्रे क्यान मात्र राख्नुहोला (अन्य फोहोर नमिसाउनुहोला) ।

स्प्रे क्यानहरु (हेअर स्प्रे , किटनासक स्प्रे , र कार्टटिज प्रकारको ग्यास सिलिन्डर )

*क्यानलाई काट्ने , प्वाल पार्ने नगर्नुहोस

•नस्ट गर्नु पूर्व सुरक्षित स्थानमा क्यान हरु पूर्ण रुपमा खाली गर्नुहोस र आगो बाट टाढा राख्नुहोस

प्लास्टिक क्यापहरू प्लास्टिक कंटेनर / प्याकेजिङ्ग मा समाबेश हुन्छन ।




## ड्राइ-सेल ब्याट्रीहरु


अर्ध पारदर्शी झोलामा ब्याट्री मात्र राख्नुहोला (अन्य फोहोर नमिसाउनुहोला) ।

◆ट्युब आकारको ड्राइ सेल ब्याट्री

जस्तै म्याङ्गनीज ब्याटरीहरू, एल्किन ब्याटरहरू र लिथियम प्राथमिक ब्याट्रीहरू

आइटम जुन ड्राई सेल ब्याट्रीहरू होइनन

बटन टाइप ब्याट्री र रिचार्जेबल ब्याट्रीहरु → पुनःप्राप्ति-सहकार्य पसलहरु
( कुनै समस्या परेमा ,खुदरा विक्रेता वा संसाधन र अपशिष्ट संग्रह कार्यालय सोध्नुहोस) ।



## प्लास्टिक कन्टेनरहरु र प्याकेजिंग

हल्का रुपमा सफा गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस ।

◆सम्पूर्ण ‘’प्लास्टिक कन्टेनर /प्याकेजिंग ‘’ लोगो भएका आइटम



बोतलहरु — स्याम्फु,सर्फ

ट्युबहरु — मायोनेज, टूथपेस्ट आदि

कप र कन्टेनरहरु — पुडिंग कपहरु ,अन्डाको क्यारेटहरु, बेन्तोबक्सहरु आदि।

ट्रेहरु — बिग्रने खानाका ट्रेहरु

जालिहरु — फलफुल र तरकारीमा प्रयोग भएको जालिहरु

बिर्कोहरु — पेट बोतलका प्लास्टिक बिर्कोहरु आदि ।

प्लास्टिक झोलाहरु र र्यापिंग — प्लास्टिक सपिंग ब्यागहरु , स्न्याक्स ब्यागहरु

कुशन सामग्री — पोलिस्टरबाट बनेका सामग्री

•कृपया पूर्ण रुपमा खाली गर्नुहोस र भित्र हलुका सफा गर्नुहोस •कृपया प्लास्टिकबाहेक सामग्री ( धातु , कागज आदि ) हटाउनुहोस ।

※सानो आकारमा बनाउनको लागि कृपया काटेर पिस बनाउनुहोला ।

**कन्टेनर / प्याकेजिंग को मतलब के हो?**

समान झिकेपछि कन्टेनर र प्याकेजिंग(र्यापिंग) को आबस्यक पर्दैन

**जुन आइटम कन्टेनर र प्याकेजिंग प्लास्टिक होइनन**

प्लास्टिकका सामानहरु , प्लास्टिकआइटम जस्तै भिडियो टेप , सि.डी खेलौनाहरु , वाशबेसिन, नस्ट गर्न मिल्ने लाइटर जलाउन योग्य फोहोर मा समाबेश हुन्छन

प्र प्लास्टिक कन्टेनर र प्याकेजिङ्ग कसरी सफा हुनुपर्छ?

उ ट्युबहरु, जस्तै मायोनेज कन्टेनर लाई पूर्ण रुपमा प्रयोग गर्नुहोस सफा गर्नु पर्दैन . ट्रेहरु, कपहरु र बोतलहरु लाई खाली नराखी हलुका सफा गर्नु

## क्यानहरु बोतलहरु प्लास्टिक बोतलहरु

लिड र बिर्को हटाउनुहोस र्याप पनि बोतल बाट हटाउनुहोस र भित्र हलुका रुपमा सफा गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस ।

◆ खाना र पेय पदार्थका क्यानहरु , ग्लासहरु

◆ पेट बोतल लोगो भयका प्लास्टिक बोतलहरु, प्लास्टिक बोतल PET



क्यानहरु — • क्यानलाई नथिच्नुहोस

बोतलहरु

प्लास्टिक बोतलहरु — • प्लास्टिक बोतलहरु कुच्याउनुहोस ।



प्लास्टिक बिर्कोहरु, र्यापर प्लास्टिक कन्टेनर /प्याकेजिंग समाबेश हुन्छन ।

**जुन आइटम क्यानहरु, शिशि बोतलहरु, प्लास्टिक बोतलहरु होइनन**

पेन्ट गरेका क्यानहरु साना धातु आइटम मा समाबेश हुन्छन ।
कस्मेटिक र औषधिका बोतलहरु, (झोल औषधि बाहेकका बोतलहरु ) जलाउन योग्य फोहोर मा समाबेश हुन्छन ।

## साना धातुका आइटम

लिडहरु र अन्य साना सामग्रीहरु बाहेक, कृपया यिनीहरुलाई झोलामा नराख्नुहोस ।

◆धातुका आइटम 30 से.मी भन्दा कम

(जस्तै)
भाडा, कितिली, छाता,तार,ह्यांगर,राइस कुकरको भित्रि भाड़ो आदि ।

• भाँडाको ह्यान्डललाई समावेश नगरि भाँडाको ब्यास नापिन्छ ।
• कृपया खतरनाक बस्तुहरु जस्तै काट्ने धारिलो बस्तुलाई बाक्लो कागजले र्याप गर्नुहोस र सामानको नाम लेख्नुहोस। कृपया झोलामा धारिला बस्तु बाहेक अन्य समानहरु झोलामा नराख्न्नु होला ।


जुन आइटममा धातु भन्दा बढी अधातु, कपडा/छाताको प्लास्टिक पार्ट आदि जलाउन योग्य फोहोरमा समाबेश हुन्छन।

## प्रयोग गरेको कागजको बक्स

नस्ट गर्नु पूर्व फोहोरको किसिम अनुसार बर्गिकरण गर्नुहोस र डोरीले बाध्नुहोस। (अन्य कागजको किसिमको लागि तिनीहरुलाई कागजको झोलामा वा अर्ध पारदर्शी झोलामा राख्नुहोस)

◆ छिमेकी संघ , बाल समूह , वा अन्य समुहहरु(जुन स्थानीय संघको रिसाइकल योग्य सामग्री संकलन समूह ) ले संकलन गर्ने दिनहरु मा समाबेश हुने प्रयास गर्नुहोस ।


पत्रिकाहरु　म्यागजिनहरु,　कार्डबोर्ड



※कृपया आइटम अनुसार बर्गिकरण गर्नुहोस र डोरीले बाध्नुहोस।

कागजका कार्टुन (जुन भित्र बाट आलुमुनियम प्रयोग गरिएको हुन्छ तिनीहरु जलाउन योग्य फोहोरमा समाबेश हुन्छन ।) सफा गरेर, काटेर खोल्नुहोस र सुक्खा बनाएर डोरीले बाध्नुहोस।

अन्य कागज　र्यापिंग पेपर, नोट, कागजको कार्टुन मिठाईको खोल, कागजको झोला,रसिद चित्रकोर्ने पेपर आदि




लाई कागजको झोलामा राख्नुहोस (उपलब्ध नभयको खण्डमा अर्धपारदर्शी झोलामा राख्नुहोस) र झोला भित्र राखियको फोहोर बाहिर नपोखिने गरि बाध्नुहोस

तल उल्लेखित बस्तुहरु जलाउन योग्य फोहोर हुन् (तल उल्लेख नगरिएका सम्पूर्ण कागजहरु प्रयोग गरिएको कागजमा समाबेश हुन्छन)

सफा नभयको कागज जस्तै पिज्जा बक्स, हमबर्गर र्यापिंग, भित्र अल्मुनियम भएको कागज, कार्बन पेपर दहि र आइसक्रिमको खोल, कप नुडल्स, सर्फको खोल साबुनको खोल

## पुरानो कपडा

अर्ध पारदर्शी झोलाहरु प्रयोग गर्नुहोस।

※योकोहामा शहरमा सङ्कलन गरिदैन ।

**प्रयोग गरेको कपडा**

एक अर्ध पारदर्शी झोलामा, सफा, सुक्खा वस्तुहरू राख्नुहोस्।

कपडा, तन्नाहरु, ब्लान्केट, फोहोर पर्दाहरु

फुटेको समान वा कपास भरिएका चीजहरू जलाउन योग्य फोहोरमा जान्छन्



पानी परेको दिन फोहोर नफ्याक्नुहोस अर्को फ्याक्ने दिन सम्म पर्खनुहोस वा संसाधन पुनःप्राप्ति बक्समा लैजानुहोस

## ठुलो आकारको फोहोर


ठुलो फोहोरको लागि टास्नु पर्ने स्टिकर ठुलो आकारको फोहोरमा टास्नुहोस् र निर्दिस्ट दिनमा बिहान 8:00 बजे सम्म सम्बन्धित संकलन ठाउमा जम्मा गर्नुहोस ।

अपोइन्टमेन्ट द्वारा

शुल्क लाग्छ

◆धातुको आइटम 30 से.मी भन्दा ठुलो अन्य आइटम (प्लास्टिक र काठको आइटम) 50 से.मी भन्दा ठुलो

※कहाँ टास्ने भनेर पछाडी हेर्नुहोस



※टि.भी, फ्रीज, ए.सी आदि ठुलो फोहोरको रुपमा संकलन गर्न मिल्दैन ।
→यदि तपाईले नया किनेर पुरानो लाई रिप्लेस गर्न खोजेको खण्डमा समान किन्ने ठाउमा पुरानो संकलन गर्छ कि गर्दैन सोध्नुहोस ।
→यदि तपाई किनेको ठाउको बारेमा अनभिज्ञ हुनुहुन्छ भने योकोहामा रिसाइकल संघमा सम्पर्क गर्नुहोस ।
0120-014-353　0120-632-515
※ब्यतिगत कम्प्युटर ठुलो आकारको फोहोरमा जम्मा गर्न मिल्दैन ।
→यदि तपाईसग आफैले बनाएको कम्प्युटर, कम्पनीको नाम नभयको खण्डमा कृपया व्यक्तिगत कम्प्युटर 3R प्रोमोसन केन्द्र 03-5282-7685 मा सम्पर्क गर्नुहोस
※सानो आकारको घरायसी उपकरण 50 से.मी भन्दा कम, प्राय प्लास्टिकबाट बनेको (जस्तै रेडियो,क्यासेट प्लेयर,प्रिन्टर) आदि जलाउन योग्य फोहोर हुन् ।

ठुलो आकारको फोहोर संकलन केन्द्र ☎ 0570-200-530　045-330-3953

यदि तपाई जापानिज बोल्न सक्नुहुन्न भने फोन गर्न भन्दा पहिले जापानिज बोल्ने व्यक्ति खोजेर फोन गर्नु होला ।